# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ को प्रयोजनार्थ
## (२०८१ श्रावण महिनादेखि २०८१ असोज मसान्तसम्म)



अर्थ मन्त्रालय
सिंहदरबार
कार्तिक, २०८१
**www.mof.gov.np**

## १. अर्थ मन्त्रालयको संक्षिप्त परिचयः

### पृष्ठभूमिः

मुलुकको आर्थिक, वित्तीय तथा मौद्रिक व्यवस्थापन, समष्टिगत आर्थिक स्थायित्व तथा आर्थिक विकासका क्षेत्रसँग सम्बन्धित सम्पूर्ण गतिविधिको व्यवस्थापन अर्थ मन्त्रालयको प्रमुख जिम्मेवारी हो। सार्वजनिक खर्च व्यवस्थापन, अन्तर सरकारी वित्त व्यवस्थापन, राजस्व संकलन, वैदेशिक सहायताको परिचालन तथा व्यवस्थापन, नेपाल सरकारको आर्थिक प्रशासन, बैंकिङ्ग तथा वित्तीय क्षेत्र व्यवस्थापन, विदेशी विनिमय, बिमा र पुँजी बजारको व्यवस्थापन र नियमन, सार्वजनिक संस्थानको समग्र नीतिगत विषय तथा नेपाल सरकारको आर्थिक नीति एवम् बजेट तर्जुमा र कार्यान्वयन अर्थ मन्त्रालयको जिम्मेवारीमा रहेको छ।

### दीर्घकालीन सोचः

सबल आर्थिक तथा वित्तीय व्यवस्थापनबाट अर्थतन्त्रको क्षमता अभिवृद्धि गरी दिगो, फराकिलो तथा उच्च दरको आर्थिक वृद्धि र सामाजिक न्याय सहितको विकासमा योगदानमार्फत सबल, समृद्ध र समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्ने।

### उद्देश्यः

सार्वजनिक वित्तको प्रभावकारी र समुचित उपयोगबाट आर्थिक विकास, समष्टिगत आर्थिक स्थायित्व र अर्थतन्त्रको सुदृढीकरणमा सहयोग पुऱ्याउने।

### रणनीतिः

- दक्ष, व्यावसायिक, स्वच्छ, सुदृढ एवम् करदातामैत्री कर प्रशासनको विकास गरी प्रक्रियागत सरलीकरण र सूचना प्रविधिको प्रयोग बढाई करयोग्य सवै किसिमका आर्थिक क्रियाकलापलाई करको दायरामा ल्याउने।
- सार्वजनिक खर्चलाई राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रमा प्रभावकारी र न्यायोचित रूपमा विनियोजन गरी उच्च आर्थिक वृद्धि हासिल गर्ने।
- सार्वजनिक खर्चलाई मितव्ययी, प्रभावकारी र अनुशासित तुल्याउने।
- वैज्ञानिक, अनुमानयोग्य र पारदर्शी राजस्व प्रणालीको विकासबाट निजी लगानीमैत्री वातावरण सिर्जना गरी उत्पादनमूलक उद्योग तथा व्यवसाय प्रवर्धन र औद्योगिक संरक्षण प्रदान गर्ने।
- वित्तीय उत्तरदायित्व सम्बन्धी कानुनको कार्यान्वयन गर्दै पारदर्शी र उत्तरदायी आर्थिक तथा वित्तीय सूचना प्रणाली अवलम्वन गर्ने।
- निकासा, लेखाङ्कन र अन्तरिक लेखापरीक्षण लगायतका सरकारी लेखा, सरकारी खर्च र राजस्वको नियमनको कार्य गर्ने।
- अन्तर्राष्ट्रिय विकास सहायता परिचालन गर्दा सबै क्षेत्र, वर्ग र समुदायको सन्तुलित विकासमा ध्यान दिने।
- उच्च आर्थिक वृद्धिदर हासिल गर्ने, उत्पादन र उत्पादकत्व बढाउने, रोजगारीका अवसरहरु व्यापक रूपमा सिर्जना गर्ने निकासीजन्य उत्पादनका क्षेत्रमा बाह्य सहायता परिचालन गर्ने।
- अन्तर्राष्ट्रिय विकास सहायतालाई मुलुकको विकासका पूर्वसर्त मानिने क्षेत्र र विषयमा केन्द्रित गर्ने।

- राष्ट्रिय बजेट प्रणालीमा आवद्ध हुनेगरी अन्तर्राष्ट्रिय विकास सहायता प्राप्त गर्ने र सहायता व्यवस्थापन सूचना प्रणाली सुदृढ गरी पारदर्शिता अभिवृद्धि गर्ने।
- अन्तरसरकारी वित्त व्यवस्थापनलाई प्रभावकारी तुल्याउँदै वित्तीय सङ्घीयता कार्यान्वयनमार्फत स्रोत र साधनको उच्चतम प्रतिफलयुक्त ढङ्गले परिचालन गर्ने।
- वित्तीय संस्था र वित्तीय उपकरणहरूको माध्यमबाट उत्पादन र बजारको सुदृढीकरण गरी सक्षम वित्तीय प्रणालीको विकास गर्ने।
- निजीकरण भएका संस्थानको कार्यकुशलता अनुगमन गर्दै सरकारी स्वामित्वमा सञ्चालित संस्थानहरूको व्यावसायिक सञ्चालन गर्ने।
- आन्तरिक ऋण परिचालन गर्दा निजी क्षेत्रलाई स्रोतको अभाव नहुने गरी राष्ट्रिय प्राथामिकता प्राप्त विकास कार्यक्रममा परिचालन गर्ने।
- आन्तरिक ऋण व्यवस्थापन र बाह्य ऋण व्यवस्थापनलाई एकीकृत रूपमा छुट्टै निकायमार्फत सञ्चालन गर्ने।


## २. कार्यक्षेत्रः

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्य देहाय अनुसार रहेका छन्ः

- आर्थिक अवस्थाको विश्लेषण, आर्थिक तथा वित्त सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन,
- आर्थिक साधनको बाँडफाँट, कुल राष्ट्रिय लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन,
- समष्टिगत आर्थिक स्थायित्व, मूल्यस्थिरता सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन,
- विकास सहायता नीतिको तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,
- केन्द्रीय बैंक सञ्चालन, नियमन र मौद्रिक तथा कर्जा नीति,
- बैंक तथा वित्तीय संस्थाहरू सम्बन्धी नीति, कानुन, समन्वय र नियमन,
- विदेशी मुद्रा सम्बन्धी कानुन, नियमन तथा नियन्त्रण,
- आर्थिक तथा सामाजिक विकास र मुद्रा तथा बैङ्किङ सम्बन्धी द्विपक्षीय, बहुपक्षीय अन्तर्राष्ट्रिय संस्थाहरूसँग सम्पर्क र समन्वय,
- वैदेशिक ऋण अनुदान तथा अन्य द्विपक्षीय र बहुपक्षीय सहायता सम्बन्धी सन्धि, सम्झौता र कार्यान्वयन,
- सङ्घीय सञ्चितकोष वा सङ्घीय सरकारी कोष सञ्चालन, राजस्व र व्ययको अनुमान, विनियोजन ऐन, पूरक अनुमान, पेश्की खर्च, उधारो खर्च, आकस्मिक कोष र अन्य सरकारी कोष,
- बजेट तर्जुमा कार्यान्वयन र नियमन,
- सरकारी जमानत,
- सङ्घ, प्रदेश र स्थानीय तहको आन्तरिक र वैदेशिक ऋण एवम् अनुदान सम्बन्धी नीति, कानुन र नियमन,
- तलब, भत्ता तथा उपदान निवृत्तिभरण लगायतका सेवा सुविधा र आर्थिक दायित्व सम्बन्धी विषय,
- सङ्घ प्रदेश र स्थानीय तहको सार्वजनिक पदाधिकारीको सुविधा सम्बन्धी नीति कानुन र मापदण्ड,

- सरकारी बाँकी रकमको अभिलेखीकरण र असुली,
- राजस्व सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, प्रक्षेपण, कार्यान्वयन र नियमन,
- राजस्व प्रशासनको सञ्चालन र सुदृढीकरण,
- सार्वजनिक खर्च सम्बन्धी नीति, कानुन कार्यान्वयन र नियमन,
- आर्थिक कार्यविधि सम्बन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन,
- लेखा तथा लेखापरीक्षण प्रणाली,
- सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन,
- सङ्घ, प्रदेश र स्थानीय तहबीच वित्तीय हस्तान्तरण सम्बन्धी नीति, कानुन कार्यान्वयन, समन्वय र नियमन,
- सङ्घीय विनियोजन, राजस्व, विभाज्य कोष, धरौटी, कार्य सञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पत्ति व्यवस्थापन,
- भन्सार, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर, आयकर, राहदानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर एवम् अन्य कर तथा गैरकर, सेवा शुल्क, दस्तुर लगायतका सेवा शुल्कहरूको लक्ष्य निर्धारण, प्रशासन, सङ्कलन र बाँडफाँट,
- कर तथा भन्सार राजस्व सम्बन्धी द्विपक्षीय, क्षेत्रीय, बहुपक्षीय समन्वय सन्धि, सम्झौता, समझदारी, कार्यान्वयन र नियमन,
- राजस्व सम्बन्धी तथ्याङ्क अभिलेखन र सूचना आदान प्रदान,
- धितोपत्र तथा कमोडिटी बजार सम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
- बिमा सम्बन्धी नीति कानुन मापदण्ड र नियमन,
- सङ्घ, प्रदेश र स्थानीय तहमा राजस्व र प्राकृतिक स्रोत उपयोग वा लाभको बाँडफाँट सम्बन्धी नीति, कानुन, मापदण्ड र कार्यान्वयन,
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सम्पर्क मन्त्रालयको कार्य,
- महालेखापरीक्षकको कार्यालयको सम्पर्क मन्त्रालयको कार्य,
- निक्षेप तथा कर्जा सुरक्षण कोष, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, अवकास कोषको कार्य अनुगमन गर्ने कार्य,
- सरकारी स्वामित्वमा भएका संस्थानको नियमन, नियन्त्रण, समन्वय र निर्देशन तथा तलब, भत्ता, बोनस, लगानी र लाभांश सम्बन्धी नीति निर्धारण,
- राजस्व र आर्थिक प्रशासन सम्बन्धी तालिम अध्ययन र अनुसन्धान,
- सार्वजनिक संस्थानहरू र निजीकरण सम्बन्धी नीति, कानुन, मापदण्ड, अनुगमन र नियमन,
- मन्त्रालय सम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन,
- नेपाल लेखापरीक्षण सेवाको सञ्चालन।

# अर्थ मन्त्रालयको स्वीकृत संगठन संरचना



## ३. अर्थ मन्त्रालयसँग सम्बन्धित ऐन, नियम, कार्यविधि, निर्देशिका एवम् मापदण्डको विवरणः

अर्थ मन्त्रालयलाई निर्दिष्ट गरिएका कार्यहरू सम्पादन गर्ने सिलसिलामा मन्त्रालय र अर्न्तगतका निकायहरूले देहाय अनुसारको कानुनको प्रयोग तथा परिपालना गर्नु पर्दछ।

**ऐनहरू**

- निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३
- कर्मचारी सञ्चय कोष ऐन, २०१९
- विदेशी विनिमय (नियमित) गर्ने ऐन, २०१९
- राष्ट्रिय बिमा संस्थान ऐन, २०२५
- मदिरा ऐन, २०३१
- राजस्व न्यायाधिकरण ऐन, २०३१
- नागरिक लगानी कोष ऐन, २०४७
- बिमा ऐन, २०७९
- निजीकरण ऐन, २०५०
- मूल्य अभिवृद्धि कर ऐन, २०५२
- अन्तर्राष्ट्रिय वित्तीय कारोबार ऐन, २०५४
- आयकर ऐन, २०५८
- अन्तःशुल्क ऐन, २०५८
- नेपाल राष्ट्र बैङ्क ऐन, २०५८
- बैङ्क तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८
- सार्वजनिक खरिद ऐन, २०६३
- धितोपत्र सम्बन्धी ऐन, २०६३
- सुरक्षित कारोबार ऐन, २०६३
- भन्सार ऐन, २०६४
- बैङ्किङ कसुर तथा सजाय ऐन, २०६४
- बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३
- निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- लेखापरीक्षण ऐन, २०७५
- योगदानमा आधारित निवृत्तभरण कोष ऐन, २०७५
- भुक्तानी तथा फछ्र्यौट ऐन, २०७५
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६
- आर्थिक ऐन, २०८०
- ऋण तथा जमानत ऐन, २०८०
- विनियोजन ऐन, २०८०
- सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९

**नियमावलीहरू**

- मदिरा नियमावली, २०३३
- बिमा नियमावली, २०४९
- मूल्य अभिवृद्धि कर नियमावली, २०५३
- बैङ्क तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५८
- आयकर नियमावली, २०५९
- अन्तःशुल्क नियमावली, २०५९
- धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६३
- धितोपत्र बजार सञ्चालन नियमावली, २०६४
- नेपाल धितोपत्र बोर्ड सम्बन्धी नियमावली, २०६४
- आर्थिक (कार्यविधि) नियमावली, २०६४
- भ्रमण खर्च नियमावली, २०६४
- भन्सार नियमावली, २०६४
- धितोपत्र व्यवसायी (मर्चेन्ट बैङ्कर) नियमावली, २०६४
- धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४
- नेपाल धितोपत्र बोर्ड आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६६
- नेपाल धितोपत्र बोर्ड खरिद सम्बन्धी नियमावली, २०६६
- सामूहिक लगानी कोष नियमावली, २०६७
- धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७
- क्रेडिट रेटिङ्ग नियमावली, २०६८
- धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३
- वस्तु विनियम बजार सम्बन्धी नियमावली, २०७४
- नेपाल धितोपत्र बोर्ड खरिद नियमावली, २०७४
- विशिष्टिकृत लगानी कोष नियमावली, २०७५
- हेजिङ्ग सम्बन्धी नियमावली, २०७५
- धितोपत्र सूचीकरण तथा कारोबार नियमावली, २०७५
- कर्जा सुरक्षण नियमावली, २०७५
- निक्षेप सुरक्षण नियमावली, २०७५
- योगदानमा आधारित निवृत्तभरण कोष नियमावली, २०७६
- प्राईभेट फर्म रजिष्ट्रेसन नियमावली (तेह्रौ संशोधन) नियमावली, २०७६
- कर्जा सुरक्षण (दोस्रो संशोधन) नियमावली, २०७७
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व पहिलो संशोधन नियमावली, २०७७

**निर्देशिकाहरू**

- आयकर निर्देशिका, २०६६ (तेस्रो संशोधन २०७७)
- अन्तःशुल्क निर्देशिका, २०६८ (परिमार्जित संस्करण २०७६)
- मूल्य अभिवृद्धि कर निर्देशिका, २०६९ (दोस्रो संशोधन २०७६)

- जग्गा तथा घर जग्गा निसर्गको पुँजीगत लाभकर सम्बन्धी निर्देशिका, २०७२ (पहिलो संशोधन २०७६)
- वैदेशिक भ्रमण व्यवस्थापन निर्देशिका, २०७५
- कार्य सञ्चालन निर्देशिका, २०७७
- प्रदेश तथा स्थानीय तहको लागि लैङ्गिक उत्तरदायी बजेट नमूना निर्देशिका, २०७७
- सार्वजनिक खर्चलाई मितव्ययिता कायम गर्ने निर्देशिका, २०७८
- ढुवानी सेवामा मूल्य अभिवृद्धि कर कार्यान्वयन निर्देशिका, २०८०
- सवारी साधन सुविधा प्राप्त गर्ने कर्मचारीलाई इन्धनबापत नगद प्रदान गर्ने निर्देशिका, २०८०

## कार्यविधिहरू

- आर्थिक पुनरुद्धार कोष (स्थापना र सञ्चालन) कार्यविधि, २०७२
- नवीकरणीय उर्जा अनुदान (पहिलो संशोधन) नीति, २०७३
- प्रदेश र स्थानीय तहको सञ्चित कोष सञ्चालन कार्यविधि, २०७४
- ग्रामीण स्वावलम्बन कर्जा कार्यविधि, २०७५
- सामूहिक जिवन बीमा सञ्चालन कार्यविधि, २०७५
- सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७६
- राष्ट्रसेवक कर्मचारीहरूको सावधिक जीवन बिमा सम्बन्धी कार्यविधि, २०७६
- रक्सौल अमलेखगञ्ज पेट्रोलियम पाइपलाइनमार्फत इन्धन ढुवानीका लागि भन्सार जाँचपास सम्बन्धी कार्यविधि, २०७६
- सहलगानी सम्बन्धी कार्यविधि, २०७७
- व्यावसायिक निरन्तरता कर्जा प्रवाह कार्यविधि, २०७७
- कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवार नगद हस्तान्तरण कार्यविधि, २०७८
- वैदेशिक रोजगार सेवा शुल्क र वैदेशिक पर्यटन शुल्क सम्बन्धी कार्यविधि, २०८०
- विद्युतीय माध्यममार्फत मूल्य अभिवृद्धि कर फिर्ता सम्बन्धी कार्यविधि, २०८०

## नीति, मापदण्ड र आदेश

- अर्थ मन्त्रालयसम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्बन्धी मापदण्ड, २०७३ (पहिलो संशोधन)
- घरजग्गा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७४
- अर्थ मन्त्रालय र अन्तर्गतका कर्मचारीहरूको आचारसंहिता, २०७५
- बजेट तर्जुमा दिग्दर्शन, २०७५
- अन्तराष्ट्रिय आर्थिक सहायता परिचालन नीति, २०७६
- प्रदेश तथा स्थानीय तहमा अन्तर्राष्ट्रिय विकास सहायता परिचालन सम्बन्धी मापदण्ड, २०७६
- प्रदेश तथा स्थानीय तह बजेट कार्यान्वयन मार्गदर्शन, २०७६
- नेपाल सरकार र प्रदेश सरकारबीच समन्वय र सम्पर्क गर्ने सम्बन्धी मार्गदर्शन, २०७६
- एकीकृत सामाजिक सुरक्षा नीति, २०७६
- ढुङ्गा, गिट्टी, बालुवाको पहिचान, विकास र उत्खनन् सम्बन्धी नीति, २०७७
- सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८

- आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०८०
- आन्तरिक नियन्त्रण प्रणाली दिग्दर्शन, २०८०

## ४. अर्थ मन्त्रालयले गर्ने कार्य र सेवाः

(क) माथि उल्लिखित कार्यक्षेत्र अन्तर्गतका नीतिगत कार्य र

(ख) मन्त्रालयको दैनिक प्रशासन सञ्चालन सम्बन्धी कार्य।

## ५. सचिवालय, महाशाखा, जिम्मेवार अधिकारी र टेलिफोन नम्वरः

| क्र.सं. | | जिम्मेवार अधिकारी | फोन नं. |
|---|---|---|---|
| १. | माननीय अर्थमन्त्री | विष्णु प्रसाद पौडेल | ४२११३९० |
| २. | सचिव | डा.राम प्रसाद घिमिरे | ४२११३३२ |
| ३. | सचिव (राजस्व) | दिनेश कुमार घिमिरे | ४२११८०४ |
| ५. | प्रशासन महाशाखा | सहसचिव मदन दहाल | ४२११३०० |
| ४. | राजस्व व्यवस्थापन महाशाखा | सहसचिव उत्तर कुमार खत्री | ४२११३१५ |
| ६. | बजेट तथा कार्यक्रम महाशाखा | सहसचिव श्रीकृष्ण नेपाल | ४२११८०१ |
| ७. | कानून तथा फैसला कार्यान्वयन महाशाखा | सहसचिव यज्ञ प्रसाद भट्टराई | ४२११८१३ |
| ८. | वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा | सहसचिव नारायणप्रसाद रिसाल<br>सहसचिव दीर्घराज मैनाली | ४२११३७७<br>४२११३१८ |
| ९. | आर्थिक नीति विश्लेषण महाशाखा | सहसचिव महेश आचार्य | ४२११३२६ |
| १०. | योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा | सहसचिव महेश भट्टराई | ४२००५३७ |
| ११. | अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा | सहसचिव धनिराम शर्मा | ४२११३७१ |
| १२. | वित्तीय सङ्घीयता समन्वय महाशाखा | सहसचिव थान प्रसाद पंगेनी | ४२११३१६ |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

### (क) सूचना दिँदा लिनुपर्ने शुल्क/दस्तुर

- सूचना मागको निवेदन दिँदा कुनै शुल्क वा दस्तुर लाग्दैन।
- सामान्य आकारको (आठ दशमलव तीन इञ्च चौडाई र एघार दशमलव सात इञ्च लम्बाईसम्म साइज भएको) कागजमा तयार गरिएको वा रहेको दश पृष्ठसम्मको सूचना निःशुल्क उपलब्ध गराइनेछ।
- दश पृष्ठ भन्दा धेरै सूचना दिँदा निम्न अनुसार शुल्क लिइनेछ।
  - ➢ सामान्य आकारको (आठ दशमलव तीन इञ्च चौडाई र एघार दशमलव सात इञ्च लम्बाइसम्म आकार भएको) कागजमा तयार गरिएको वा रहेको दश पृष्ठभन्दा बढी सूचनाको लागि प्रति पृष्ठ पाँच रुपैयाँ लाग्नेछ।
  - ➢ माथि उल्लेख भए भन्दा ठूलो आकारको कागजमा तयार गरिएको वा रहेको सूचनाको लागि प्रति पृष्ठ दश रुपैयाँ दस्तुर लाग्नेछ। सुरुका दश पेज निःशुल्क दिनुपर्ने बाध्यता यसमा रहने छैन।

- डिस्केट, सिडी र अन्य यस्तै प्रकारका डिजिटल माध्यम र प्रविधिद्वारा प्रदान गरिने सूचनाको लागि प्रति डिस्केट, सिडी बापत पचास रुपैयाँ दस्तुर लाग्नेछ।
- कुनै सूचना तयार गर्दा माथि लेखिए भन्दा बढी खर्च लाग्ने भएमा वास्तविक लागतको आधारमा दस्तुर लिइनेछ।
- सार्वजनिक निकायमा रहेका कुनै लिखत, सामग्री वा सो निकायको काम कार्यवाही अध्ययन वा अवलोकन वा सार्वजनिक महत्वको निर्माण कार्य भइरहेको स्थलको भ्रमण वा अवलोकन आधा घण्टाभन्दा बढी समय गर्ने भएमा प्रतिघण्टा प्रतिव्यक्ति पचास रुपैयाँ दस्तुर लाग्नेछ। तर सार्वजनिक पुस्तकालय र सार्वजनिक रूपमा निःशुल्क उपलब्ध गराइएको स्थानको अवलोकन बापत दस्तुर लाग्ने छैन।
- प्रचलित कानुनमा सूचना माग गर्दा लाग्ने दस्तुरको सम्बन्धमा छुट्टै व्यवस्था भएकोमा भने सोही बमोजिम दस्तुर लाग्नेछ।
- मुल्य राखी बिक्री वितरण गर्ने मुद्रित वा कुनै पनि माध्यमको सूचना सामग्रीको दस्तुर त्यसमा अंकित वा निर्धारित मुल्य बमोजिम नै हुनेछ।
- अर्थ मन्त्रालयको उद्देश्य र कार्यक्षेत्र भित्रका कामकारवाहीको प्रवर्धनका लागि वितरण गरिने सूचना-सामग्रीमा शुल्क लाग्ने छैन।

### (ख) सूचना उपलब्ध गराए बापत शुल्क लिने तरिका

- सार्वजनिक निकायले सूचना दिँदा लिने दस्तुर बापतको रकम नगदै लिने वा कुनै खास बैङ्कमा जम्मा गरी सोको भौचर पेस गर्न लगाउन वा सो रकम बराबरको टिकट निवेदनमा टाँस गर्न लगाउन सक्नेछ।

### (ग) सेवा प्राप्त गर्न लाग्ने अवधि

- सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ ले तोकेको अवधिभित्र निवेदन प्राप्त भएपछि सूचना अधिकारीले तत्काल उपलब्ध गराउन सकिने प्रकृतिको सूचना भए तत्काल र तत्काल उपलब्ध गराउन नसकिने प्रकृतिको सूचना भए निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निवेदकलाई उपलब्ध गराइनेछ। कुनै व्यक्तिको जीउ ज्यानको सुरक्षासँग सम्बन्धित सूचना माग गरेको पाइएमा २४ घण्टाभित्र उपलब्ध गराइनेछ।
- अन्य विशेष ऐन नियममा अवधि तोकिएकोमा सोही बमोजिम हुनेछ।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारीः

### (क) निर्णय प्रक्रिया सम्बन्धमाः

- **मन्त्रालयले उपलब्ध गराउने सेवा सम्बन्धमाः**

  ➢सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५ बमोजिम।

- **सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गरिने सूचना सम्बन्धमाः**

  ➢सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ बमोजिम।

### (ख) निर्णय गर्ने अधिकारी सम्बन्धमाः

- मन्त्रीस्तरबाट
- सचिवस्तरबाट

## ८. सम्पादन गरेका मुख्य मुख्य कामको विवरणः

### ८.१ आर्थिक वर्ष २०८१/८२ को बजेट

आर्थिक वर्ष २०८१/८२ को नेपाल सरकारको कुल बजेट रु.१८ खर्ब ६० अर्ब ३० करोड ३० लाख रहेकोमा चालु खर्च रु.११ खर्ब ४० अर्ब ६६ करोड ४५ लाख अर्थात् ६१.३१ प्रतिशत, पुँजीगततर्फ रु.३ खर्ब ५२ अर्ब ३५ करोड ४० लाख अर्थात् १८.९४ प्रतिशत र वित्तीय व्यवस्थातर्फ रु.३ खर्ब ६७ अर्ब २८ करोड ४५ लाख अर्थात् १९.७४ प्रतिशत विनियोजन भएको छ।

### ८.२ सार्वजनिक खर्च व्यवस्थापन

**(क) आर्थिक वर्ष २०८१/८२ को श्रावण महिनादेखि असोज मसान्तसम्मको चालु र पुँजीगत खर्चको गत आर्थिक वर्ष र यस आर्थिक वर्षको तुलनात्मक प्रगति विवरणः (संङ्घीय बजेट)**

| विनियोजित शीर्षक | आ.व. २०८०/८१ | | चालु आ.व. २०८१/८२ | | प्रगति (%) | |
|---|---|---|---|---|---|---|
| | वार्षिक विनियोजन | असोज मसान्तसम्मको यथार्थ खर्च | वार्षिक विनियोजन | असोज मसान्तसम्को यथार्थ खर्च | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ |
| चालु | ११४१७८.४१ | २१३४३.१६ | ११४०६६.४५ | २२९८५.३९ | १८.६९ | २०.१५ |
| पुँजीगत | ३०२०७.४४ | १७८३.३८ | ३५२३५.४० | २९३७.४८ | ५.९० | ८.३४ |
| वित्तीय व्यवस्था | ३०७४५.३६ | ४९३४.९० | ३६७२८.४५ | ६९९७.४४ | १६.०५ | १९.०५ |
| **जम्मा** | **१७५१३१.२१** | **२८०६१.४४** | **१८६०३०.३०** | **३२९२०.३२** | **१६.०२** | **१७.७०** |

**क. चालुतर्फः** गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षको सोही अवधिसम्ममा १.४६ प्रतिशतले बढी खर्च भएको।

**ख. पुँजिगततर्फः** गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षको सोही अवधिसम्ममा २.४४ प्रतिशतले खर्च वृद्धि भएको।

**ग. वित्तीय व्यवस्थातर्फः** गत आर्थिक वर्षको साउन महिनादेखि असोज मसान्तसम्मको तुलनामा यस आर्थिक वर्षको सोही अवधिसम्ममा ३ प्रतिशतले खर्च बृद्धि भएको।

**समग्र कुल खर्च** गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षको सोही अवधिसम्ममा १.६८ प्रतिशतले बृद्धि भएको।

# (ख) अर्थ मन्त्रालय र अन्तर्गतको असोजसम्मको बजेट खर्च स्थिति :

(रकम रु. करोडमा )

| क्र.सं. | कोड | कार्यालय | आ.व. २०८१/८२ को वार्षिक शुरु विनियोजन | | | आ.व. २०८१/८२ को असोज मसान्तसम्मको बजेट विनियोजन | | | आ.व. २०८१/८२ को असोज मसान्तसम्मको खर्च | | | आ.व. २०८१/८२ को असोज मसान्तसम्मको खर्च प्रगति (%) | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | चालु | पूँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | |
| १ | ३०५०००११ | अर्थ मन्त्रालय | ३९.९१ | ३.०२ | ४२.९३ | ९.७७ | ०.०० | ९.७७ | ८.८८ | ०.१८ | ९.०६ | ९०.९१ | | ९२.७२ | त्रैमासिक संशोधन नगरी खर्च गरिएको |
| २ | ३०५०००१२ | ऋण असुली पुनरावेदन न्यायधिकरण | २.२८ | ०.०३ | २.३१ | ०.६३ | ०.०३ | ०.६६ | ०.५१ | ०.०० | ०.५१ | ८०.८३ | ०.०० | ७७.१५ | |
| ३ | ३०५०००१३ | ऋण असुली न्यायधिकरण | ४.०९ | ०.०७ | ४.१६ | ०.६६ | ०.०० | ०.६६ | १.०८ | ०.०१ | १.०८ | १६२.८१ | | १६३.७६ | त्रैमासिक संशोधन नगरी खर्च गरिएको |
| ४ | ३०५०००१४ | अन्तर्राष्ट्रीय संघ, संस्था सदस्यता शुल्क अनुदान विविध | ५०.०३ | ०.०० | ५०.०३ | १२.५३ | ०.०० | १२.५३ | २.९३ | ०.०० | २.९३ | २३.३५ | ०.०० | २३.३५ | |
| ५ | ३०५००१०१ | साना किसान विकास बैंक (बित्तिय संस्था), विविध | ८.०० | ०.०० | ८.०० | २.०० | ०.०० | २.०० | १.०० | ०.०० | १.०० | ५०.०० | ०.०० | ५०.०० | |
| ६ | ३०५००१०२ | लघु विमा सहयोग कार्यक्रम (पशु, बाली, स्वास्थ्य ) | ३५.९४ | ०.०० | ३५.९४ | ११.७६ | ०.०० | ११.७६ | ३.१७ | ०.०० | ३.१७ | २६.९३ | ०.०० | २६.९३ | |
| ७ | ३०५००१०५ | बजेट सुधार आयोजना | ९.०८ | ०.०० | ९.०८ | २.१५ | ०.०० | २.१५ | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| ८ | ३०५००१०८ | मिलिनियम च्यालेन्ज एकाउण्ट नेपाल | १२४.०० | १२१२.१८ | १३३६.१९ | २०.३४ | १३९.८२ | १६०.१६ | ०.०० | २२.६० | २२.६० | ०.०० | १६.१६ | १४.११ | |
| ९ | ३०५००११३ | आर्थिक पुनरुत्थान, राहत तथा सहुलियत कार्यक्रम | २०६९.६९ | ०.०० | २०६९.६९ | १७५.०० | ०.०० | १७५.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| १० | ३०५००११५ | सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रम | ४३.३५ | ३१.३० | ७४.६५ | १.७७ | ५.२० | ६.९७ | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| ११ | ३०५००११६ | उदय-आर्थिक विकासका लागि नवप्रवर्तन र लगानी कार्यक्रम | ०.२० | ०.०० | ०.२० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| १२ | ३०५०१०११ | महालेखा नियन्त्रक कार्यालय | १३.७३ | ०.८८ | १४.६१ | २.७७ | ०.०५ | २.८२ | १७.४० | ०.०८ | १७.४८ | ६२७.९६ | १५२.४७ | ६१९.२६ | त्रैमासिक संशोधन नगरी खर्च गरिएको |
| १३ | ३०५०१०१२ | निवृत्तिभरण व्यवस्थापन कार्यालय | ६.२८ | ०.१४ | ६.४२ | २.५३ | ०.०५ | २.५८ | १.७२ | ०.०३ | १.७५ | ६८.०६ | ६०.०० | ६७.९० | |
| १४ | ३०५०१०१३ | कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालय | १.८२ | ०.०५ | १.८७ | ०.४९ | ०.०५ | ०.५४ | ०.४० | ०.०० | ०.४० | ८१.२७ | ०.०० | ७३.७४ | |
| १५ | ३०५०१०१४ | कोष तथा लेखा नियन्त्रक कार्यालयहरु | ८४.७८ | १४.८० | ९९.५८ | १९.०९ | ४.४३ | २३.५२ | १९.६९ | १.३५ | २१.०४ | १०३.१६ | ३०.५६ | ८९.४८ | त्रैमासिक संशोधन नगरी खर्च गरिएको |
| १६ | ३०५०११०१ | सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रम | १.०३ | ०.०२ | १.०५ | ०.१८ | ०.०० | ०.१८ | ०.०६ | ०.०० | ०.०६ | ३३.६२ | ०.०० | ३३.६२ | |
| १७ | ३०५०२०११ | सार्वजनिक वित्त व्यवस्थापन तालिम के | ८.१० | ०.५४ | ८.६४ | २.१० | ०.०३० | २.१३ | १.८० | ०.०३२ | १.८३ | ८५.७० | १०५.६७ | ८५.९८ | त्रैमासिक संशोधन नगरी खर्च गरिएको |
| १८ | ३०५०३०११ | भन्सार बिभाग | १४.८५ | २९.५० | ४४.३५ | ४.६५ | ०.०१ | ४.६६ | २.९० | ०.०० | २.९० | ६२.४५ | ०.०० | ६२.२९ | |
| १९ | ३०५०३०१२ | भन्सार कार्यालयहरु | १०८.७८ | ५.१९ | ११३.९७ | २९.४७ | १.७१ | ३१.१८ | २४.८५ | ०.८१ | २५.६६ | ८४.३४ | ४७.४४ | ८२.३१ | |
| २० | ३०५०३१०१ | भन्सार सुधार कार्यक्रम | १४.३९ | ४१.७२ | ५६.१० | २.५३ | १०.६७ | १३.१९ | ०.५७ | १.४७ | २.०४ | २२.५२ | १३.८२ | १५.४९ | |
| २१ | ३०५०४०११ | आन्तरिक राजस्व विभाग | ९२.०५ | १६.४४ | १०८.४९ | ३९.१२ | १.१४ | ४०.२६ | ४.०६ | ०.१५ | ४.२१ | १०.३९ | १२.८९ | १०.४६ | |
| २२ | ३०५०४०१२ | आन्तरिक राजस्व कार्यालयहरू | १८२.७१ | २३.५२ | २०६.२४ | ४७.८८ | ४.१९ | ५२.०७ | ४१.४९ | १.४४ | ४२.९३ | ८६.६६ | ३४.३० | ८२.४४ | |
| २३ | ३०५०५०११ | सार्वजनिक ऋण ब्यवस्थापन कार्यालय | ७.३६ | ०.२१ | ७.५७ | १.६३ | ०.२१ | १.८४ | ०.८७ | ०.०८ | ०.९५ | ५३.२६ | ३९.३७ | ५१.६७ | |
| | | | २९२२.४६ | १३७९.६१ | **४३०२.०७** | ३८९.०२ | १६७.५९ | **५५६.६१** | १३३.३७ | २८.२३ | **१६१.५९** | ३४.२८ | १६.८४ | **२९.०३** | |

## ८.३ राजस्व परिचालनको अवस्थाः

**(क) आर्थिक वर्ष २०८१/८२ को असोज मसान्तसम्मको राजस्व सङ्कलनको लक्ष्य अघिल्लो आ.व.सँगको तुलनात्मक विवरणः**

रु.करोडमा)

| कर शीर्षक | आ.व. २०८१/८२ को वार्षिक लक्ष्य | आ.व. २०८०/८१ असोजसम्मको | | | चालु आ.व.२०८१/८२ असोजसम्मको | | |
|---|---|---|---|---|---|---|---|
| | | लक्ष्य | प्रगति | लक्ष्यको तुलनामा सङ्कलन (%) | लक्ष्य | प्रगति | लक्ष्यको तुलनामा सङ्कलन (%) |
| भन्सार महसुल | ३०,७३६ | ७,६९९ | ४,९६४ | **६४.४७** | ७,०४८ | ५,१९८ | **७३.७५** |
| मूल्य अभिवृद्धि कर | ३८,६५२ | ८,४६९ | ६,९०९ | **८१.५८** | ९,३९२ | ७,५०९ | **७९.९५** |
| अन्तःशुल्क | १९,४९६ | ३,८३६ | ३,४७२ | **९०.५** | ४,६०४ | ३,९९७ | **८६.८३** |
| शिक्षा सेवा शुल्क | ४६६ | ४९ | ९५ | **१९२.५३** | ५२ | १०९ | **२०९.७७** |
| आयकर | ३९,०७१ | ६,३६३ | ४,५०७ | **७०.८३** | ६,५५१ | ५,१५६ | **७८.७** |
| कर राजस्व जम्मा | १२८,४२१ | २६,४१६ | १९,९४६ | **७५.५१** | २७,६४७ | २१,९६८ | **७९.४६** |
| गैर कर राजस्व जम्मा | १३,५०९ | २,५०१ | १,९६५ | **७८.५७** | ३,३४६ | २,८५८ | **८५.४२** |
| कुल राजस्व | १४१,९३० | २८,९१८ | २१,९१२ | **७५.७७** | ३०,९९३ | २४,८२६ | **८०.१** |
| अन्य प्राप्ति | - | - | १,५४६ | | - | ४७५ | - |
| **जम्मा राजस्व /प्राप्ति** | **१४१,९३०** | **२८,९१८** | **२३,४५७** | **८१.१२** | **३०,९९३** | **२५,३०१** | **८१.६४** |

स्रोतः राजस्व व्यवस्थापन महाशाखा, २०८१

**(ख) करदाता दर्ता संख्या सम्वन्धी विवरणः (Active Only)**

| प्रकार | २०८१ श्रावणदेखि आश्विन मसान्तसम्म | २०८१ आश्विन मसान्तसम्म |
|---|---|---|
| व्यवसायिक स्था.ले.नं (ITAX) | २९३४४ | १९७३४४५ |
| मूल्य अभिवृद्धि करमा दर्ता (VAT) | ६४६३ | ३३३८८० |
| व्यक्तिगत स्था.ले.नं (PPAN) | १६१७४२ | ४४१०४४६ |
| Withholding PAN(WPAN) | ७३७ | ३४०६५ |
| अन्तःशूल्क दर्ता (EXCISE) | ३२८७ | १२०६५५ |

स्रोतः IRD

## ८.४ अन्तर्राष्ट्रिय आर्थिक सहायता परिचालनः

| आर्थिक वर्ष २०८१/८२ को श्रावण महिनादेखि असोज मसान्तसम्मको अन्तर्राष्ट्रिय आर्थिक सहायता परिचालन (वैदेशिक ऋण तथा अनुदान प्राप्ति) को विवरण (रु.करोडमा) | | |
|---|---|---|
| १. | वैदेशिक ऋण | १२१३ |
| २. | अनुदान | २४३ |
| | **कुल** | **१४५६** |

## ८.५ आन्तरिक ऋणको अवस्था (रु.करोडमा)

| विवरण | आ.व. २०८०/८१ असोजसम्मको | | | चालु आ.व. २०८१/८२ असोजसम्मको | | | गत वर्षको सोही अवधिको तुलनामा वृद्धि (%) |
|---|---|---|---|---|---|---|---|
| | लक्ष्य | प्राप्ति | लक्ष्यको तुलनामा प्रगति (%) | लक्ष्य | प्राप्ति | लक्ष्यको तुलनामा प्रगति (%) | |
| अनुदान | २४००० | ९८९२ | ४१.२ | ३३००० | ११४७८ | ३४.७ | -६.५ |

## ८.६ मुलुकको समग्र आर्थिक स्थितिः

| शीर्षक | भदौ मसान्तसम्म | | वृद्धिदर (%) |
|---|---|---|---|
| | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | |
| शोधानान्तर स्थिति (रु.करोडमा) | ५५१० | १०१७७ | ८४.७ |
| चालु खाताको स्थिति (रु.करोडमा) | २३९७ | ४९६९ | १०७.३ |
| विदेशी विनिमय सञ्चिति (रु.करोडमा) | १५९८९० | २१५२५३ | ३४.६ |
| विदेशी मुद्रा सञ्चिति पर्याप्तता (वस्तु तथा सेवाको आयात धान्ने क्षमता, महिनामा) | १०.३ | १३.७ | ३३.० |
| उपभोक्ता मुद्रास्फीति-भदौ महिना (वार्षिक विन्दुगत आधारमा)-प्रतिशतमा | ८.१९ | ३.८५ | ४.३४ प्रतिशत बिन्दुले घटेको |
| औसत उपभोक्ता मुद्रास्फीति | ८.४५ | ३.९७ | ४.४८ प्रतिशत बिन्दुले घटेको |
| बैंकिङ्ग पहुँच-बैंक तथा वित्तीय संस्थाको शाखा संख्या | ११५६७ | ११५३३ | -०.३ |
| विप्रेषण आप्रवाह (रु.करोडमा) | २२८४० | २६३१४ | १५.२ |
| वाणिज्य बैंकको औषत आधार व्याजदर (प्रतिशत) | १०.१४ | ७.४९ | २.६५ प्रतिशत बिन्दुले घटेको |

स्रोतः नेपाल राष्ट्र बैंक, २०८१

८.७ आर्थिक वर्ष २०८१/८२ को २०८१ श्रावणदेखि असोज मसान्तसम्म सम्पादित प्रमुख तथा उल्लेखनीय कार्यहरूः

**क. बजेट सम्बन्धी विभिन्न विषयमा सहमति प्रदान गरिएको ऐन, नियमावली, कार्यविधि र मापदण्डको विवरणः**

| सि.नं. | मन्त्रालयको नाम | विषय | कैफियत |
|---|---|---|---|
| १. | गृह मन्त्रालय | सशस्त्र प्रहरी बल, नेपाल सम्बन्धी कानूनलाई संशोधन तथा एकिकरण गर्न बनेको विधेयक (सशस्त्र प्रहरी बल, नेपाल ऐन,२०८१) को मस्यौदा उपर राय सहमति प्रदान। | भाद्र |
| २. | | नेपाल प्रहरी सम्बन्धमा व्यवस्था गर्न वनेको विधेयक, (नेपाल प्रहरी ऐन, २०८१) को मस्यौदा उपर सहमति प्रदान। | भाद्र |
| ३. | | कारागार नियमावली, २०८१ को मस्यौदा उपर राय सहमति प्रदान। | असोज |
| ४. | | विपद् संवेदनशील सामाजिक सुरक्षा व्यवस्थापन तथा अनुदान वितरण मापदण्ड, २०८१ को मस्यौदा उपर राय सहमति प्रदान। | असोज |
| ५. | | निर्वाचन सम्बन्धी कानूनलाई संशोधन र एकिकरण गर्न वनेको विधेयक, २०८१ मा राय सहमति दिएको। | |
| ६. | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | औषधी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० को मस्यौदा उपर राय सहमति प्रदान। | भाद्र |
| ७. | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | पर्यटक बिधेयक, २०८१ को मस्यौदा उपर सहमति प्रदान। | असोज |
| ८. | | पर्वतारोहण नियमावली २०५९ छैटौं संशोधनको मस्यौदा उपर सहमति प्रदान। | असोज |
| ९. | खानेपानी मन्त्रालय | काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन बोर्ड नियमावली, २०८० को मस्यौदा उपर सहमति प्रदान। | भाद्र |
| १०. | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | बैदेशिक रोजगार (छैटौ संशोधन) नियमावली, २०८१ को मस्यौदा उपर सहमति प्रदान। | भाद्र |
| ११. | भौतिक पुर्वाधार तथा यातयात मन्त्रालय | राष्ट्रिय यातयात नीति, २०८१ को मस्यौदा उपर सहमति प्रदान। | भाद्र |
| १२. | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | सामाजिक सञ्जालको सञ्चालन, प्रयोग तथा नियमन गर्ने सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक, २०८१ को मस्यौदा उपर सहमति प्रदान। | भाद्र |
| १३. | | राष्ट्रिय आमसञ्चार बिधेयक मस्यौदा २०८१ को मस्यौदा उपर सहमति प्रदान। | असोज |
| १४. | | गोरखापत्र संस्थान कर्मचारी सेवा शर्त बिनियमावली २०८० को मस्यौदा उपर सहमति प्रदान। | असोज |
| १५. | | दूर सञ्चार नियमावली २०८१ मा राय प्रदान। | असोज |
| १६. | | लोककल्याणकारी बिज्ञापन प्रकाशन तथा प्रशारण सम्वन्धी कार्यविधि | असोज |

| | | | |
|---|---|---|---|
| | | २०८१ को मस्यौदा उपर सहमति प्रदान। | |
| १७. | संघीय मामिला तथा सामान्य प्रसाशन मन्त्रालय | उच्च पहाडी एवं हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक सामाजिक सशक्तिकरण कार्यक्रम सञ्चालन कार्यविधी, २०८१ को मस्यौदा उपर सहमति प्रदान। | असोज |
| १८. | | रज्जुमार्ग निर्माण तथा संचालन सम्बन्धी कार्यविधि, २०८१ को मस्यौदा उपर सहमति प्रदान। | असोज |
| १९. | | निजामती कर्मचारी अस्पताल (कर्मचारीहरुको सेवा सुविधा) (पाँचौ संशोधन) नियमावली, २०८१ को मस्यौदा उपर सहमति प्रदान। | भाद्र |
| २०. | | सरकार सञ्चालन ऐन, २०७४ को मस्यौदा उपर सहमति प्रदान। | भाद्र |
| २१. | कृषी तथा पशुपंक्षी विकास मन्त्रालय | बिउ बिजन उत्पादन, आपुर्ति तथा व्यवस्थापन (पहिलो संशोधन) निर्देशिका, २०८० | असोज |
| २२. | | उखु कृषकलाई अनुदान दिने सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०८० | असोज |
| २३. | उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | विद्युत नियमन आयोगबाट तर्जुमा भएको आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०८० को मस्यौदा उपर सहमति प्रदान। | असोज |
| २४. | महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को मस्यौदा उपर सहमति प्रदान। | भाद्र |
| २५. | युवा तथा खेलकुद मन्त्रालय | नेपाल स्काउट सम्बन्धी विद्येयक, २०८१ को मस्यौदा उपर सहमति प्रदान। | भाद्र |
| २६. | उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय | स्टार्टअफ उद्यम कर्जा कोष कार्यविधि, २०८१ को मस्यौदा उपर सहमति प्रदान। | भाद्र |
| २७. | | स्टार्टअप उद्यम संचालन तथा व्यवस्थापन कार्यविधि, २०८१ को मस्यौदा उपर सहमति प्रदान। | भाद्र |
| २८. | | उद्यम सम्वर्द्धन केन्द्र संचालन तथा व्यवस्थापन केर्यविधी, २०८१ को मस्यौदा उपर सहमति प्रदान। | भाद्र |
| २९. | | औद्योगिक तथा लगानी प्रवर्द्धन कोष कार्यविधि,२०८१ को मस्यौदा उपर सहमति प्रदान। | भाद्र |
| ३०. | | सार्वजनिक निकायमा स्वदेशी वस्तुको प्रयोग सम्वन्धि निर्देशिका,२०८१ को मस्यौदा उपर सहमति प्रदान। | साउन |
| ३१. | | नेपाल गुणस्तर (तेस्रो संशोधन नियमावली २०८१ को मस्यौदा उपर सहमति प्रदान। | असोज |
| ३२. | | औद्योगिक ग्राम घोषणा तथा संचालन कार्यविधि, २०८१ को मस्यौदा उपर सहमति प्रदान। | असोज |
| ३३. | | वाणिज्य नीति २०८१ को मस्यौदा उपर सहमति प्रदान। | असोज |
| ३४. | | औद्योगिक व्यवसाय (पहिलो संशोधन) नियमावली २०८१ को मस्यौदा | असोज |

| | | | |
|---|---|---|---|
| | | उपर सहमति प्रदान। | |
| ३५. | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय | खवप विश्वविद्यालयको सम्वन्धमा व्यवस्था गर्न वनेको विद्येयक को मस्यौदा उपर सहमति प्रदान। | भाद्र |
| ३६. | | विधि विज्ञान प्रयोगशाला विकास कर्मचारी सेवा सर्त नियमावली २०८१ को मस्यौदा उपर सहमति प्रदान। | भाद्र |
| ३७. | | विश्वविद्यालय अनुदान आयोगको आर्थिक कार्यविधि नियमावली को मस्यौदा उपर सहमति प्रदान। | भाद्र |
| ३८. | | प्राविधिक शिक्षा तथा व्यवासयीक तालिम परिषद नियमावली २०८१ को मस्यौदा उपर सहमति प्रदान। | भाद्र |

**ख. राजस्वसँग सम्बन्धित जारी भएका ऐन, नियम, नीति, कार्यविधि, निर्देशिका, आदेश र मापदण्डको विवरणः**

| क.सं. | कार्य सम्पादन प्रगति |
|---|---|
| १. | आन्तरिक राजस्व परिचालन रणनीति तयार गरी प्रकाशन गरिएको । |
| २. | एकिकृत भन्सार महशुल नियमावली, २०८१ पुस्तक प्रकाशन गरिएको । |
| ३. | छनौट प्रणाली कार्यसंचालन निर्देशिका, २०८१ (पहिलो संशोधन) स्वीकृत । |
| ४. | भन्सार मूल्यांकनलाई कारोवार मूल्यमा आधारित बनाउने रणनीति तयार गरिएको । |
| ५. | भन्सार महशुल दरवन्दी (अंग्रेजी), २०८१/८२ प्रकाशन गरिएको । |
| ६. | आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क ऐन र मदिरा ऐन तथा नियमावलीहरुमा २०८१ सम्मको आर्थिक ऐन तथा नियमावलीबाट भएका संशोधनहरु समेत समावेश गरी अद्यावधिक कर कानूनहरुको संगालो प्रकाशन गर्न कानून किताब व्यवस्था समितिमा पठाईएको । |
| ७. | आ.व. २०८०/८१ मा जारी गरिएका परिपत्रहरु एकिकृत गरी परिपत्र संग्रह २०८१/८२ प्रकाशन गर्न प्रेसमा पठाइएको । |
| ८. | गैर वासिन्दा व्यक्तिले प्रदान गर्ने अफलाईन हवाई यातायात सेवामा मुल्य अभिबृद्धि कर सम्बन्धी कार्यविधि, २०८१ जारी गरीएको । |
| ९. | हस्तान्तरण मूल्य सम्बन्धी निर्देशिका, २०८१ जारी गरीएको । |
| १०. | विभिन्न कार्यविधिहरु संशोधन गरीएको ।<br>• गैर वासिन्दा ब्यक्तिले प्रदान गर्ने विद्युतीय सेवामा मुल्य अभिबृद्धि कर सम्बन्धी कार्यविधि दोश्रो संशोधन,<br>• विद्युतीय सेवा कर (डिजिटल सर्भिस ट्याक्स) सम्बन्धी कार्यविधि दोश्रो संशोधन,<br>• वैदेशिक पर्यटन शूल्क सम्बन्धी कार्यबविधि पहिलो संशोधन,<br>• विलासिता शूल्क सम्बन्धी कार्यविधि पहिलो संशोधन । |

**ग. राजस्व व्यवस्थापनसँग सम्बन्धित प्रमुख कार्यहरुको विवरणः**

- राजस्व चुहावट नियन्त्रण गर्न केन्द्रिय द्रुत गस्ति टोली (Flying Squad) गठन गरी परिचालन गरिएको।
- मिति २०८१/५/२७ र २८ गते भन्सार मूल्यांकन र नीतिगत विषयमा छलफल गरी भन्सार व्यवस्थापन गोष्ठी सम्पन्न भएको र गोष्ठी पश्चात नीतिगत परिपत्र समेत जारी गरिएको ।
- जोखिम पहिचान गर्न जनशक्ति विकास गर्ने कार्यका लागि र छनौट प्रणालीलाई थप भन्सार कार्यालयमा विस्तार गर्न कार्य टोली गठन गरिएको ।

- जोखिम प्रोफाइल अद्यावधिक गरी केन्द्रीय जोखिम व्यवस्थापन समितिको निर्णय बमोजिम छनौट प्रणालीमा अद्यावधिक गरिएको ।
- भन्सार मूल्यांकनलाई वास्तविक वनाउन तोकिएका HS Code मा अनिवार्य रुपमा ब्रान्ड, मोडल तथा साइज घोषणा गर्नु पर्ने र प्रणालीमा नै NA लगायतका ब्राण्ड नभएको जनाउने शव्दहरु प्रविष्टि गर्न नमिल्ने व्यवस्था गरिएको ।
- भन्सार विभाग र World Customs Organization (WCO) को सहकार्यमा मिति २०८१ भाद्र १७ देखि २१ गते सम्म काठमाडौंमा अन्तराष्ट्रिय विज्ञबाट संचालित Harmonized System (HS) सम्वन्धी राष्ट्रिय कार्यशाला आयोजना गरिएको ।
- यस अवधिमा पूर्ण करपरीक्षण भएको संख्या ९५७ वटा, सो बाट जम्मा रु.३ अर्ब ७६ करोड थप कर निर्धारण गरिएको ।
- यस अवधिमा विस्तृत अनुसन्धान भएको संख्या १११ वटा, सो बाट रु.१ अर्ब १९ करोड थप कर निर्धारण भएको ।
- बजार अनुगमन भएको संख्या ९९१ वटा ।
- करदाता शिक्षा कार्यक्रम १२९ र सो कार्यक्रमबाट ६७४२ करदाता लाभान्वित भएको ।
- कानूनी कारवाहीबाट बक्यौता असुली रु.६ करोड ७६ लाख ।
- बक्यौता असुली तथा समायोजन जम्मा रु.९६ करोड ५९ लाख ।
- उपभोक्ताले डिजिटल माध्यमबाट गरेको खरिदको भुक्तानीमा १० प्रतिशत मूल्य अभिवृद्धि कर फिर्ता दिने कार्य प्रारम्भ गरिएको ।
- अन्तःशुल्क चुहावट नियन्त्रणका लागि मदिरा, बियर, चुरोट, सूर्तीजन्य वस्तु, इनर्जी ड्रिङ्कस र जुसको व्यावसायिक उत्पादन गर्ने उद्योग प्रतिष्ठानको हालसम्म १०० प्रतिष्ठानको स्थलगत निरीक्षण तथा अनुगमन गरी प्रतिवेदन पेस भएको ।
- आन्तरिक राजस्व विभागको व्यवस्थापन गोष्ठी (Management Seminar, 2081) सम्पन्न गरिएको ।

## घ. <u>कानुन तथा फैसला कार्यान्वयन सम्बन्धीः</u>-

कानुन तथा फैसला कार्यान्वयन सम्बन्धमा आर्थिक वर्ष २०८१/८२ को पहिलो त्रैमासिक अवधिमा देहाय बमोजिम कार्यसम्पादन भएको छ।

**कानूनी लिखतहरुको तर्जुमा, सहमति, स्वीकृती तथा दर्ता सम्बन्धी कार्यः**

